20/03/2025

National News

प्रमुख समाचार

- छत्तीसगढ़मा दुईवटा विभिन्न घटनाहरूमा तीसजना माओवादी मारिए
- गृह मन्त्री अमित शाहले भन्नुभयो, नरेन्द्र मोदी सरकार नक्सलीहरू विरूद्ध कड़ाइका साथ अघि बढ़िरहेछ
- सरकारले दियो 1350 हर्स पावर इन्जिन किन्ने स्वीकृति
- लोकसभा र विधानसभा क्षेत्रको प्रस्तावित परिसीमनबारे विपक्षीको विरोधपछि दुवै सदनको कार्यवाही स्थगित
- डाक्टर जितेन्द्र सिंह र बिल गेट्सबीच चर्चा सम्पन्न

- Chhattisgarh Encounter

छत्तीसगढ़मा आज दुईवटा विभिन्न घटनाहरूमा तीसजना माओवादी मारिए। यी माओवादीहरूको शव फेला पारिएको छ। माओवादीहरूसितको झड़पमा जिल्ला रिजर्व गार्ड (DRG)-का एकजना जवान शहीद भए। बस्तर संभागको बीजापुर जिल्लामा सुरक्षा बललाई प्राप्त भएको खुफिया सूचनाअनुसार बीजापुर र दन्तेवाड़ा जिल्लाको सीमावर्ती क्षेत्रस्थित जंगलमा माओवादी रहेका थिए। यस खुफिया सूचनापछि सुरक्षा बलको एउटा संयुक्त टोली खोजी अभियानमा निस्किएको थियो। आज बिहानैदेखि गंगालूर परिसरमा सुरक्षा बल र माओवादीहरूबीच रोकिँदै गोलीबारी भइरहेको थियो। यसबाहेक घटनास्थलबाट ठूलो संख्यामा आधुनिक हथियार र विस्फोटक सामग्री पनि फेला पारिएको छ। अर्कोतिर, छत्तीसगढ़को कांकेर जिल्लामा एउटा अन्य अभियानमा सुरक्षा बल र माओवादीहरूबीच गोलीबारीमा चारजना माओवादी मारिए।

------------------------------------X------------------------------------

- Shah - Naxal

केन्द्रिय गृह मन्त्री अमित शाहले भन्नुभएको छ, नरेन्द्र मोदी सरकार नक्सलीहरू विरूद्ध कड़ाइका साथ अघि बढ़िरहेछ। श्री शाहले भन्नुभयो कि सरकारले ती उग्रवादीहरू विरूद्ध सुन्य सहनशिलताको नीति अपनाइरहेछ, जसले विभिन्न सुविधा दिँदा दिँदै पनि आत्मसमर्पण गरेका छैनन्। सोशल मिडिया पोस्टमा श्री शाहले भन्नुभएको छ, नक्सलमुक्त

भारत अभियानको दिशामा आज जवानहरूलाई अझ एउटा ठूलो सफलता प्राप्त भएको छ। श्री शाहले भन्नुभयो, आगामी वर्ष एकतीस मार्चसम्ममा देश नक्सलमुक्त हुनेछ।

--------------------------------------X--------------------------------------

- <u>Defense Procurement</u>

सरकारले T-90 ट्याङ्क, वरुणास्त्र टरपीडो र एयरबोर्न अर्ली वार्निङ तथा कन्ट्रोल एयरक्राफ्ट प्रणालीका लागि 1350 हर्स पावर इन्जिन किन्न स्वीकृति दिएको छ। रक्षा मन्त्री राजनाथ सिंहको अध्यक्षतामा आज रक्षा अधिग्रहण परिषदको बैठकमा यो मञ्जूरी दिइयो। यस खरीदमा चौवन हजार करोड़ रुपियाँभन्दा अधिक खर्च हुनेछ।

रक्षा मन्त्रालयअनुसार, भारतीय सेनाका लागि T-90 ट्याङ्कका लागि वर्तमान एक हजार हर्स पावर इञ्जिन विस्तार गर्न 1350 हर्स पावर इञ्जिन किनिनेछ। यसबाट यी ट्याङ्कीहरूको युद्धक्षेत्र, विशेषरूपमा अधिक ऊँचाई भएका क्षेत्रमा गतिशीलता बढ्नेछ। भारतीय नौसेनाका लागि लड़ाकू वरुणास्त्र टरपीडोको खरीदलाई परिषदले स्वीकृति दिएको थियो।

--------------------------------------X--------------------------------------

- <u>Parliament Adjourned</u>

लोकसभा र विधानसभा क्षेत्रको प्रस्तावित परिसीमनको बारेमा द्रविड मुनेत्र कझङगम (DMK) र केही अन्य विपक्षी सांसदहरूको विरोधपछि संसदका दुवै सदनको कार्यवाही दिन भरिका लागि स्थगित गरियो। लोकसभाको कार्यवाही दोस्रो स्थगनपछि दिउँसो दुई बजी पुनः शुरू भयो, तथापि, DMK सांसदहरूको विरोध जारी रहेका कारण यसलाई दिनभरिका लागि स्थगित गरियो।

राज्यसभामा पनि यस मुद्दामाथि कार्यवाही चारपल्ट स्थगित गर्नुपऱ्यो। तेस्रो स्थगनपछि दिउँसो दुई बजी सदनको कार्यवाही फेरी शुरू भए तापनि उपसभापति हरिवंशले DMK सांसदहरूको विरोधका कारण सदनको कार्यवाही दिनभरिका लागि स्थगित गर्नुभयो।

--------------------------------------X--------------------------------------

- <u>Lok Sabha-Kisan</u>

सरकारले पाँच लाखभन्दा अधिक किसानहरूलाई लाभ प्रदान गर्न खाद्य प्रसंस्करण क्षेत्रसित जोड़िएका विभिन्न योजनाअन्तर्गत एक हजार एक सयभन्दा अधिक आधारभूत पूर्वाधार परियोजनालाई मञ्जुरी दिएको छ। खाद्य प्रसंस्करण उद्योग राज्य मन्त्री रवनीत सिंहले आज लोकसभामा एउटा लिखित उत्तरमा यो जानकारी दिनुभयो। यी योजनाहरूमा प्रधानमन्त्री किसान सम्पदा योजना, खाद्य प्रसंस्करण उद्योगका लागि उत्पादनसित जोड़िएका प्रोत्साहन योजना र केन्द्र प्रायोजित प्रधानमन्त्री सूक्ष्म खाद्य प्रसंस्करण उद्यम औपचारिकीकरण योजना समावेश छन्। श्री सिंहले भन्नुभयो, मन्त्रालयले छ्यालीस हजार करोड़ रूपियाँभन्दा अधिकको परियोजना लागत भएका एकचालीसवटा खाद्य पार्कलाई पनि स्वीकृति दिएको छ।

--------------------------------------X--------------------------------------

- <u>Jitendra-Bill Gates</u>

विज्ञान तथा प्रौद्योगिकी मन्त्री डाक्टर जितेन्द्र सिंहले आज नयाँ दिल्लीमा माइक्रोसफ्टका सह-संस्थापक बिल गेट्ससित चर्चा गर्नुभयो। यस बैठकको उद्देश्य भारतको नवाचार र जैव विनिर्माणमा वृद्धिका लागि निजी क्षेत्र तथा स्टार्टअपको सहभागितालाई विस्तार गर्नु थियो। बैठकअवधि डाक्टर सिंहले भन्नुभयो, देशमा जैव प्रौद्योगिकी नवाचारमा वृद्धि भएको छ, जसबाट अर्थव्यवस्था, रोजगार र पर्यावरणका लागि बायो E3-बायोटेक्नोलोजी जस्ता नीतिहरूको समर्थन प्राप्त छ।
श्री बिल गेट्सले भारतको जैव प्रौद्योगिकी प्रगतिको प्रशंसा गर्दै भ्याक्सीनको विकासमा यसको नेतृत्वलाई स्वीकार गर्नुभयो। यसमा HPV र कोभिड-19 भ्याक्सीनका लागि सहभागिता पनि समावेश छ। उहाँले क्षयरोग र मलेरिया जस्ता बिमारीको सामना गर्नमा रहेको भारतको प्रयासमाथि समर्थन गर्ने पनि इच्छा जताउनुभयो।

--------------------------------------X--------------------------------------

- <u>North East Youth Festival</u>

पाल्जर स्टेडियममा आयोजित चार दिवसीय आठौँ पूर्वोत्तर युवा उत्सव २०२५-को आज समापन भयो।

समापन समारोहलाई सम्बोधान गर्दै केन्द्रीय खेल तथा युवा मामिला मन्त्री रक्षा निखिल खडसेले भन्नुभयो, यो महोत्सव पूर्वोत्तर क्षेत्र र देशको अन्य भागका युवाहरूलाई एकत्रित गर्ने महत्त्वपूर्ण कार्यक्रम हुनका साथै यसले एकता र सम्वर्द्धनमा सहायता पुऱ्याउँछ।

विभिन्न क्षेत्रमा युवाहरूलाई अवसर र मञ्च उपलब्ध गराएर उनीहरूलाई सशक्त बनाउने केन्द्र सरकारका विभिन्न कार्यक्रमहरूको उल्लेख गर्दै उहाँले भन्नुभयो, पूर्वोत्तरका युवाहरूले 2047-सम्ममा भारतलाई विकसित बनाउने प्रधानमन्त्रीको सपनालाई साकार तुल्याउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। उहाँले अघि भन्नुभयो.....।

आफ्नो सम्बोधनमा मुख्यमन्त्री प्रेमसिंह तामाङले भन्नुभयो, पूर्वोत्तरका युवाहरूले विश्वस्तरमै कला र संस्कृतिकको क्षेत्रमा उल्लेखनीय प्रदर्शन गरेका छन्।

-------------------------------------X-------------------------------------

- <u>EPFO Member</u>

कर्मचारी भविष्य निधि संगठनमा यस वर्ष जनवरीमा सत्र लाख उननब्बे हजार सदस्य शामेल भएका छन्। यो दिसम्बर 2024-को तुलनामा कुल सदस्यहरूमा एघार दशमलौ चार-आठ प्रतिशतको वृद्धि हो। श्रम तथा रोजगार मन्त्रालयले यस वृद्धिको श्रेय रोजगारको बढ्दो अवसर, कर्मचारी लाभको बारेमा बढ्दो जागरूकता र संगठनको प्रभावी जनसम्पर्क पहललाई दिएको छ। संगठनकाअनुसार, जनवरी 2025-मा लगभग आठ लाख तेहीस हजार नयाँ सदस्य जोड़िएका छन्। नयाँ पेरोल डेटाअनुसार अठारदेखि पच्चीस वर्षको आयु वर्गमा चार लाख सत्तरी हजार नयाँ सदस्य जोड़िए। त्यसै महिना लगभग दुई लाख सत्र हजार नयाँ महिला सदस्य जोड़िएको पनि आंकड़ाबाट थाहा लाग्दछ।

-------------------------------------X-------------------------------------

- EC One Month Plan

निर्वाचन आयोगले विगत एक महिनामा चुनाउ प्रक्रियालाई सुदृढ पार्न साहसिक कदम उठाएको बताएको छ। आयोगले आज भनेको छ, लगभग एक करोड़ चुनाउ कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न निरन्तर डिजिटल प्रशिक्षणको योजना बनाएको छ। यस पहलमा निर्वाचन पञ्जीकरण अधिकारी, जिल्ला चुनाउ अधिकारी र मुख्य चुनाउ अधिकारी स्तरमा चुनाउ अधिकारीहरूसित लगभग पाँच हजार सर्वदलीय बैठकको माध्यमबाट राजनीतिक दलहरूको सहभागिता समावेश छ।

आयोगले भनेको छ, छब्बीसौं मुख्य चुनाउ आयुक्तका रूपमा कार्यभार संहालेको एक महिनामा श्री ज्ञानेश कुमारले चुनाउ आयुक्त डाक्टर सुखबीर सिंह संधू र डाक्टर विवेक जोशीसित मिलेर सबै मतदाताहरूको सहभागिता सुनिश्चित गर्न BLO स्तरसम्म पूरा चुनाउ मशीनरी सक्रिय गरेको छ। आयोगले देशभरि नक्कली मतदाता पहिचान पत्र हटाउन र दशकौं पुरानो मुद्दा तीन महिनामा समाधान गर्ने पनि संकल्प लिएको छ।

--------------------------------------X--------------------------------------

- Khelo India Para Games 2030

खेल मन्त्री डाक्टर मनसुख माण्डवियाले आज खेलो इण्डिया प्यारा ग्याम्सको दोस्रो संस्करणको शुभारम्भ नयाँ दिल्लीको इन्दिरा गान्धी स्टेडियममा गर्नुभयो। डाक्टर माण्डवियाले देशभरि खेलको विकासलाई प्राथमिकता दिनमा रहेको खेलो इण्डिया पहललाई महत्त्वपूर्ण बताउनुभयो। उहाँले भन्नुभयो, खेलो इण्डियाअन्तर्गत देशमा खेलको क्षेत्रमा आधारभूत पूर्वाधार द्रुत गतिमा विकसित भइरहेछ अनि खेलाडीहरूको प्रदर्शनमा उल्लेखनीय सुधार भइरहेछ। उहाँले भन्नुभयो, पेरिसमा आयोजित विगतका प्यारालम्पिक खेलहरूमा भारतीय टोलीले उन्तीसवटा पदक हासिल गरेर असाधारण प्रदर्शन गरेका थिए। डाक्टर माण्डवियाले यस अवसरमा बोल्दै भन्नुभयो.............
सत्ताइस मार्चसम्म चल्ने यस खेलमा बाह्र सयभन्दा अधिक खेलाडीले छहवटा खेल जस्तै धनुकाँड़, एथलेटिक्स, ब्याडमिन्टन, पावरलिफ्टिङ, सुटिङ र टेबल टेनिसमा आफ्नो प्रतिभा प्रदर्शित गर्नेछन्।

--------------------------------------X--------------------------------------